स्थानः बैठक कक्ष

समयः विहान ८.०७बजे

आज मिति २०८१/०६/११ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

कार्यपालिका बैठक संख्याः १०९ औं (२०८०/८१-२/दोश्रो ३५)

| क्रम संख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री खुमलाल भुसाल | |

मितिः २०८१/०६/११

१०९औं नगर कार्यपालिका बैठकका कार्यसूचीहरू

१. निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा,

२. जेष्ठ नागरिक मञ्च नगर समन्वय समिति गठन् सम्बन्धमा ,

३. होमस्टे सञ्चालनका लागि दर्ता अनुमति सम्बन्धमा ,

४. रू ५ लाख सम्म पुँजी भएका फर्महरूको नवीकरण तथा खारेजी सम्बन्धमा ,

५. बजेट रकमान्तर सम्बन्धमा,

६. आय प्रमाणित सम्बन्धमा,

७. करार सेवामा कार्यरत कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत सम्बन्धमा ।

**निर्णय नं १**

सन्धिखर्क नगरपालिकाको कार्यालयमा दर्ता भएका 'घ' वर्गको इजाजतपत्र सम्बन्धी निवेदन बैठकमा पेस भै जानकारी भयो । सो सन्दर्भमा 'घ' वर्गको इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को संशोधनमा भएको व्यवस्था बमोजिम आवश्यक प्रक्रिया पुरा गरेका देहायका फर्मलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र उपलब्ध गराउने,

**देहायः**

१. श्री ओजस्वी निर्माण सेवा सन्धिखर्क-१

२. श्री रिदम रियल कन्स्ट्रक्सन सन्धिखर्क-१

३. श्री ॐ कन्स्ट्रक्सन सन्धिखर्क-३

**निर्णय नं २**

सन्धिखर्क नगरपालिकाको जेष्ठ नागरिक मञ्च गठन तथा सञ्चालन कार्यविधि, २०७७ को दफा ७ को उपदफा (१) को खण्ड (च) मा रहेको व्यवस्था बमोजिम सन्धिखर्क नगरक्षेत्र भित्र रहेका जेष्ठ नागरिक मञ्चका अध्यक्ष वा जेष्ठ नागरिक क्षेत्रमा काम गर्ने संस्था मध्ये नगर कार्यपालिकाले मनोनित गर्ने २ जना सदस्य बाँकी रहेकोमा निम्न व्यक्तिलाई जेष्ठ नागरिक मञ्च नगर समन्वय समितिको सदस्यमा मनोनित गर्ने ।

तपसिलः

१. सदस्य श्री ठाकुर प्रसाद श्रेष्ठ सन्धिखर्क-१

२. सदस्य श्री लिलाराम गौतम सन्धिखर्क-३

**निर्णय नं ३.**

सन्धिखर्क नगरपलिकाको वडा नं. ६ स्थित श्री सुपादेउराली पोखेडाँडा सामुदायिक होमस्टे सञ्चालनका लागि समूह गठन गरी समुहको निर्णय सहित होमस्टे सञ्चालनका लागि वडा कार्यालयको सिफारिस सहित निवेदन प्राप्त भएको र सो क्षेत्रमा बसोबास गर्ने स्थानीयले होमस्टे सञ्चालन सम्बन्धी तालिम समेत लिएको हुँदा लुम्बिनी प्रदेश सरकारको होमस्टे सञ्चालन नियमावली, २०७७ को नियम ५ बमोजिम दर्ता गरी सोको जानकारी सम्बन्धित मन्त्रालयमा पठाउने ।

**निर्णय नं ४**

सन्धिखर्क नगरपालिकाको आर्थिक ऐन २०८१ को दफा २० को उपदफा (१) को खण्ड (ग) मा नगरपालिकाको क्षेत्र भित्र पर्ने रू ५ लाख सम्म पुँजी भएका उद्योग तथा वाणिज्य फर्महरु मध्ये नवीकरण हुन नसकेका फर्महरुको हकमा नवीकरण तथा खारेजी गर्दा फर्म दर्ता भएको मितिदेखि प्रचलित कानुन बमोजिम तोकिएको अवधिभित्र नवीकरण नगरेका फर्महरूलाई २०८२ साल असार मसान्तसम्म नवीकरण

CamScanner

तथा खारेजीका लागि निवेदन गरेमा दर्ता भएको जति सुकै वर्ष भए तापनि एक पटकका लागि २ आर्थिक वर्ष बराबरको नवीकरण गर्दा लाग्ने जरिवाना सहितको राजस्व लिइ नवीकरण तथा खारेज गरिनेछ भन्ने व्यवस्था रहेको हुँदा आर्थिक ऐनमा रहेको उक्त व्यवस्थालाई देहाय बमोजिम गरी संसोधन गरी कार्यान्वयन गर्ने र उक्त संशोधित व्यवस्था अनुमोदनका लागि आगामी नगर सभामा पेस गर्ने ।

सन्धिखर्क नगरपालिकाको लघु घरेलु तथा साना उद्योग दर्ता नवीकरण सञ्चालन र नियम सम्बन्धी कार्यविधि २०७७ मा रहेको व्यवस्था बमोजिमको दस्तुर लिई नवीकरण र खारेज गर्ने व्यवस्था मिलाउने । उक्त कार्यविधिमा तोकिएको अधिकतम अवधिभित्र नवीकरण तथा खारेजी नभएका फर्महरूको हकमा सम्बन्धित फर्मले निवेदन गरेमा दर्ता भएको जतिसुकै अवधि भए तापनि चालु आर्थिक वर्ष भित्र कार्यविधिमा रहेको व्यवस्था बमोजिम दर्ता गर्दा लाग्ने राजस्व लिइ नवीकरण तथा खारेजी गर्ने ।

**निर्णय नं .५**

नगर सभाको १६ औं अधिवेशनबाट स्वीकृत नगरस्तरीय तथा वडास्तरीय योजना तथा कार्यक्रम र खर्च शीर्षकहरूमा विनियोजित बजेटमध्ये चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक नगर विकास योजनाको पेज नंम्बर ७४ को बजेट खर्च शीर्षक २२४११ र २२५२२ मा विनियोजित रकमबाट रकमान्तर गरी त्रिभुवन विमानस्थल भन्सार कार्यालय काठमाडौबाट SUZUKI BREZZA CAR चे.नं MA3NYFJ1SNC 913157 इन्जिन नम्बर k15BN128647 रहेको गाडीको मूल्याङ्कन समितिबाट मूल्याङ्कन भइ कायम भएको रू ३१४१०००।(एकत्तिस लाख एकचालिस हजार) बराबरको गाडी सन्धिखर्क नगरपालिकालाई प्राप्त हुने भएकोले उल्लिखित गाडीको सुराकी खर्च, प्रतिवेदक पुरस्कार र सडक मर्मत दस्तुर वापतको रकम भुक्तानीका लागि देहाय बमोजिम हुने गरी बजेट रकमान्तर तथा योजना संशोधन गर्ने र उक्त निर्णय अनुमोदनमा लागि आगामी नगर सभामा पेस गर्ने ।

तपसिल

| सि.नं. | खर्च शीर्षक | वार्षिक बजेट रू. | श्रोत | रकमान्तर रू. | | रकमान्तर पछि कायम हुने बजेट रू. | सवारी साधनको भुक्तानीका लागि कायम हुने रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | थप | घट | | |
| १ | सेवा र परामर्श खर्च | १५०००० | संघीय राजस्व बाँडफाँट | ० | १०००००० | ५००००० | १०००००० |
| २ | कार्यक्रम खर्च | १५०००० | प्रदेश राजस्व बाँडफाँट | ० | ५००००० | १०००००० | ५००००० |
| जम्मा रकम | | | | | | १५००००० | १५००००० |

**निर्णय नं ६.**

सन्धिखर्क नगरपालिकाको आर्थिक ऐन २०८१ को दफा १३ को उपदफा (१) मा सन्धिखर्क नगरपालिकाले निर्माण सञ्चालन व्यवस्थापन वा नियमन र सेवा प्रवाह गरेका अनुसूची १४ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसारको शुल्क लगाइने र असुलउपर गरिनेछ। भन्ने व्यवस्था रहेकोमा सोही अनुसूचीको १. आयश्रोत/सम्पत्ति मूल्याङ्कन सिफारिस शुल्कमा देहाय बमोजिम व्यवस्था रहेको,

CamScanner

| क.सं | विवरण | आ.व २०८१/८२ को दर (प्रतिशतमा) |
|---|---|---|
| १. | वार्षिक रू ३० लाखसम्मको सिफारिस गर्दा | ०.१५ |
| २. | वार्षिक रू ३० लाख भन्दा माथिको सिफारिस गर्दा | ०.२५ |

माथि उल्लिखित आयश्रोत/सम्पत्ति मूल्याङ्कन गर्ने व्यवस्थालाई आगामी नगरसभामा अनुमोदन गर्ने गरी हाललाई देहाय बमोजिम हुने गरी आयश्रोत/सम्पत्ति मूल्याङ्कन सिफारिस शुल्कमा जति सुकै रकमको गर्नुपर्ने भएतापनि रू ५०००।(पाँचहजार) मात्र एकमुष्ठ राजस्व लिइ आयश्रोत/सम्पत्ति मूल्याङ्कनको सिफारिस गर्ने।

**निर्णय नं ७**

सन्धिखर्क नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने।